तानसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

फोन : ०७५-५२०१०९, ५२०८९३, ५२०१२९, ५२०१०९

Email: info@tansenmun.gov.np, ito.tansenmun@gmail.com

website: www.tansenmun.gov.np


पत्र संख्या : १/प्र./२०८०/०८१

चनं : 295

## तानसेन नगरपालिकाको प्रशिक्षार्थी अवसर (Program Fellow) सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः२०८०।०५।०१ गते**

अष्ट्रेलियन सरकार, वैदेशिक मामिला तथा व्यापार विभाग र द एसिया फाउन्डेशनको आर्थिक तथा प्राविधिक सहयोगमा तानसेन नगरपालिका कार्यक्षेत्र रहने गरी १(एक) जना महिला प्रशिक्षार्थी (Femal Program Fellow) आवश्यकता भएको हुँदा सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिन भित्र देहायको विवरण वमोजिम nepal.fellowship@asiafoundation.org मा वा तानसेन नगरपालिकामा आवेदन दिनुहुन जानकारी गराईन्छ ।

**पुनश्चः** तानसेन नगरपालिका भित्र स्थायी वसोवास गरेका अपाङ्गता भएका व्यक्ति, अर्तिविपन्न तथा सिमान्तकृत समुदायका र दलित महिलाहरुले आवेदन दिन सक्नेछन् ।

जीवन ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत


**जीवन ज्ञवाली**

**प्रमुख प्रशासकीय अधिकृत**

# नगरपालिकामा प्रशिक्षार्थी (Program Fellow)को आवेदनका लागि सूचना

**१. कार्यक्रमको परिचय** : अष्ट्रेलियन सरकार, वैदेशिक मामिला तथा व्यापार विभाग र द एशिया फाउण्डेशनको साझेदारीमा सञ्चालित स्थानीय सरकार सबलीकरण कार्यक्रम संचालन भइरहेको छ । यस अवधिमा कार्यक्रमबाट पहिलो चरणमा थालनी भएका स्थानीय शासन सबलीकरणका कार्यहरुलाई निरन्तरता दिदै दीगो, प्रभावकारी र समावेशी संघीय शासन व्यवस्थाको कार्यान्वयनका लागि सहज वातावरण निर्माण गर्न अवसर प्राप्त हुने विश्वास लिइएको छ । यस कार्यक्रमको मूलभुत उद्देश्य स्थानीय तहबाट प्रदान हुने सेवा प्रवाहमा सुदृढीकरणका लागि प्राविधीक सहयोग उपलब्ध गराईस्थानीय जनस्वास्थ्य प्रणालीको सुदृढीकरण, आर्थिक पुनरुत्थान र सरकारबाट प्रवाह हुने सेवाको सुधारमा सहजीकरण गर्नुका साथै नेपालमा सबल, प्रभावकारी र समावेशी स्थानीय शासन व्यवस्थाको कार्यान्वयनका लागि सहज वातावरण निर्माण गर्न योगदान पुऱ्याउनु रहेको छ ।

कार्यक्रमको एक महत्वपूर्ण उद्देश्यको रुपमा लैंगिक समानता, सामाजिक समावेशीकरण र अपांगता भएका व्यक्ति लगायत अति विपन्न र सीमान्तकृत समुदायको वृहत्तर हितमा योगदान पुऱ्याउने रहेको छ । उल्लिखित उद्देश्य हासिल गर्न साझेदार नगरपालिकाहरुसँगको समन्वयमा तत् तत् नगरपालिकामा ***स्थानीय सरकार सबलीकरण तथा सीमान्तकृत समुदायका लागि प्रशिक्षार्थी अवसर कार्यक्रम*** सञ्चालन गर्ने उद्देश्य लिइएकोछ । यस प्रशिक्षार्थी अवसर कार्यक्रमबाट साझेदार नगरपालिकाका काममा संलग्न भई सिक्ने, नगरपालिकाको आवश्यकता र प्राथमिकताका क्षेत्रमा आवश्यक सहयोग गर्ने अवसर प्राप्त हुने विश्वास कार्यक्रमले लिएको छ ।

**२. प्रशिक्षार्थी आवद्ध हुने स्थानीय तह :**

| क.स. | प्रदेश | जिल्ला | स्थानीय तह |
|---|---|---|---|
| १ | कोशी प्रदेश | झापा | दमक नगरपालिका |
| २ | मधेश प्रदेश | धनुषा | मिथिला नगरपालिका |
| ३ | बागमती प्रदेश | दोलखा | भीमेश्वर नगरपालिका |
| ४ | गण्डकी प्रदेश | स्याङ्जा | वालिङ नगरपालिका |
| ५ | लुम्बिनी प्रदेश | पाल्पा | तानसेन नगरपालिका |
| ६ | कर्णाली प्रदेश | सुर्खेत | वीरेन्द्रनगर नगरपालिका |
| ७ | सुदूर पश्चिम प्रदेश | कैलाली | टीकापुर नगरपालिका |

**३. आवश्यक प्रशिक्षार्थी संख्या** : प्रत्येक नगरपालिकाका लागि १।१ जना

**४. प्रशिक्षार्थीको कार्यस्थान :** प्रशिक्षार्थीलेसम्बन्धित नगरपालिकामा रही कार्य गर्नुपर्नेछ । सम्बन्धित नगरपालिकाले (फिल्ड संयोजक तथा नगरपालिकाका सम्पर्क अधिकृतबीचको समन्वयमा नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतसँग परामर्श गरी) प्रशिक्षार्थीलाई वडा, समुदाय तथा टोल तहका कार्यक्रममा परिचालन गर्न सक्नेछ । द एसियाफाउण्डेशनले आवश्यकता अनुसार नगरपालिका क्षेत्र बाहिर सञ्चालन हुने तालिम, अनुशिक्षण तथा सिकाई आदान प्रदान कार्यमा लगाउन सक्नेछ ।

**५. प्रशिक्षार्थीको भूमिका तथा मुख्य जिम्मेवारीहरु** : प्रशिक्षार्थीको मुख्य भूमिकाहरु तथा जिम्मेवारी देहाय बमोजिम हुनेछः

जीवन जनाली
प्रमुख प्रशासकीय अधिकृत

१. सम्बन्धित नगरपालिका तथा द एशिया फाउण्डेशनबाट सेवा प्रवेश लगत्तै तथा समय समयमा आयोजना गर्ने स्थानीय शासन र विकास प्रशासन सम्बन्धी ज्ञान तथा सीपमूलक विभिन्न तालिम, अनुशिक्षण तथा सिकाई आदान प्रदान कार्यक्रममा सक्रियतापूर्व भाग लिने,

२. नगरपालिका र फाउण्डेशनबाट सञ्चालित कार्यक्रमको संक्षिप्त प्रतिवेदन रआवश्यक सूचना तथा तथ्यांकको संकलन विश्लेषण सहितको प्रतिवेदन तयार गरी पेश गर्ने ।

३. नगरपालिका र फाउण्डेशनले तोकेका विषयक्षेत्रमा संलग्न भई कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने ।

**६. समन्वयमा रही कार्य गर्ने:** प्रशिक्षार्थीले नगरपालिकाले तोकेको सम्पर्क अधिकारी र द एशिया फाउण्डेशनका कर्मचारी तथा फिल्ड संयोजकको प्रत्यक्ष समन्वय, सहजीकरण र सुपरिवेक्षणमा रही कार्य गर्नुपर्नेछ

**७. प्रशिक्षार्थीलाई प्राप्त हुने सेवा सुविधा:** प्रशिक्षार्थीलाई द एशिया फाउण्डेशनको नियमानुसार प्रशिक्षण अवधिभरको तोकिएको न्यूनतम सेवा सुविधा उपलब्ध हुनेछ ।

**८. प्रशिक्षार्थी कायम रहने अवधि:** प्रशिक्षार्थी कायम रहने अवधि नियुक्ती भएको मितिदेखी एक वर्षसम्म हुनेछ ।

**९. आवेदन शुल्क** : आवेदन दिंदा कुनै शूल्क लाग्नेछैन ।

**१०. आवेदन दिनका लागि न्यूनतम शैक्षिक योग्यता:** स्नातक तह उत्तीर्ण भएको वा स्नातक तह अन्तिम वर्षको परीक्षा दिई परीक्षा नतिजा प्रकाशित नभएका व्यक्तिले प्रशिक्षार्थीको आवेदन दिन सक्नेछन ।

**११. आवेदकको अनुभव:** आवेदन दिनका लागि कुनै काम गरेको अनुभव आवश्यक पर्ने छैन ।

**१२. आवेदन दिंदा इमेलसँगै पेश गर्नुपर्ने कागजातहरु:** आवेदकले प्रशिक्षार्थीको लागि आवेदन बुझाउँदा देहायका कागजातहरु संलग्न गरी पेश गर्नुपर्नेछ ।

*१. निवेदन:* प्रशिक्षार्थीको अवसर प्राप्त गर्न किन आफु उपयुक्त छु ? प्रशिक्षार्थी कार्यक्रमवाट के अपेक्षा गरेको छु भन्ने विषय समेत समेटीएको निवेदनपत्र र वायोडाटा

*२. शैक्षिक प्रमाणपत्र:* स्नातक उत्तीर्ण भएको शैक्षिक प्रमाणपत्र वा स्नातक तहको परीक्षामा संलग्न भएको खुल्ने प्रमाणपत्र

३. *नागरिकता प्रमाणपत्रको प्रतिलिपी*

४. ***अपाङ्गता भएका व्यक्तिको हकमा सोको प्रमाणपत्र,***

**१३. छनौट विधि** : आवेदकहरु मध्येवाट प्रारम्भिक छनौटमा परेका आवेदकहरुलाई अन्तरवार्तामा बोलाइनेछ ।

**१४. कुन नगरपालिकाका लागि आवेदन गरेको हो खुलाई पठाउनु पर्नेछ ।**

***आवेदन पठाउने इमेल ठेगाना:*** nepal.fellowship@asiafoundation.org

***१५. आवेदन पठाइसक्नुपर्ने अन्तिम मिति :*** २०८० साल भाद्र १५ गतेभित्र

**जीवन ज्ञवाली**
**प्रमुख प्रशासकीय अधिकृत**

(***नोटः सीमान्तकृत समुदायका व्यक्तिको आवेदन मात्र ग्राह्य हुने***) द एशिया फाउण्डेशन सामाजिक समावेशीकरण तथा लैङ्गिक समानताप्रति प्रतिबद्ध रहेको छ । यस प्रशिक्षार्थी अवसर कार्यक्रममा साझेदार नगरपालिकाभित्रका अपाङ्गता भएका व्यक्ति (महिला तथा पुरुष) र अति विपन्न तथा सीमान्तकृत समुदाय र दलित समुदायका महिलाहरुबाट प्राप्त आवेदन मात्र ग्राह्य हुनेछ ।)

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत